नेपाल सरकार

गृह मन्त्रालय

## राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण

SitRep #१०८

२१ असोज २०७७

| २०७७ बैशाख १ देखि असोज २० गते सम्मका विपद्का मुख्य घट्नाहरुको विवरण | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पहिरो | | | बाढी | | | चट्याङ्ग | | | कुल जम्मा | | |
| मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते |
| २९५ | ६४ | २२३ | ४२ | ३७ | ११ | ६५ | ० | २१२ | **४०२** | **१०१** | **४४६** |
| **२०७७ जेठ ३० मनसुन सुरु भएदेखि असोज २० गते सम्मका विपद्का मुख्य घट्नाहरुको विवरण** | | | | | | | | | | | |
| पहिरो | | | बाढी | | | चट्याङ्ग | | | कुल जम्मा | | |
| मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते |
| २९३ | ६४ | २२२ | ३९ | ३६ | ९ | ३५ | ० | ९३ | **३६७** | **१००** | **३२४** |
| **२०७७ असोज २० देखि २१ गते विहान १० बजेसम्म मृत्यु भएकाहरुको विस्तृत विवरण** | | | | | | | | | | | |
| पहिरो | | | बाढी | | | लेक लागेर | | | कुल जम्मा | | |
| महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |

# दैनिक विपद् बुलेटिन

२० असोज विहान १०:०० बजेदेखि २१ असोज विहान १०:०० बजेसम्म

**नेपाल**मा विभिन्न जिल्लामा गरेर आज ६ स्थानमा **आगलागी**, १ स्थानमा **चट्याङ्ग**का घटना घटेका छन् । यी घटनामा परी १ जना **घाईते** भएको छ । आगलागीबाट **२४ लाख ४२ हजार रुपैंया** बराबरको धनमाल क्षति भएको छ ।

| मृत्यु संख्या | हराएको | घटना संख्या | घाइते | अनुमानित क्षति रु | सडक अवरोध | चौपाया क्षति |
|---|---|---|---|---|---|---|
| ० | ० | ७ | १ | २४,४२,००० | ० | ७ |

## घट्ना सारांश

- **मुलुकभर** गएको २४ घण्टामा विपद्का ७ वटा घट्ना भएका छन् ।
- **झापा**को हल्दिबारी गाउँपालिका वडा नं २ स्थित एक घरको मिटर बक्समा **चट्याङ्ग** लागी **१ जना घाईते** र मिटर बक्स समेत जलेको ।
- **सिरहा**को लहान नगरपालिका वडा नं ५ खुट्टीखोला नजिक रहेको श्री पंचवाटी मोटरसाईकल वर्कसपमा मोटरसाईकल मर्मत गरी स्टार्ट गरी चेकजाँच गर्ने क्रममा तार सर्ट भई **आगलागी** ।
- **बारा**को निजगढ नगरपालिका वडा नं ९ क्याम्पस चौकस्थित राधा कृष्ण मखन सेन्टरको गोदाममा **आगलागी** हुँदा केक प्याकिंग गर्ने काटुन २,५०० पिस, दहि जमाउने कप १,८०० पिस, पार्टि पेपर ३०० पिस गरि जम्मा **९२ हजार रुपैंया** बराबरको क्षति ।
- **रुकुम पश्चिम**को मुसिकोट नगरपालिका वडा नं ७ चकचारी स्थित एक घरमा खाना बनाउने क्रममा **आगलागी** हुँदा घर पूर्णरुपमा जलि क्षति । अन्य विस्तृत विवरण आउन बाँकि ।

## घट्ना सारांश...

- **संखुवासभा**को धर्मदेवी नगरपालिका वडा नं १ तेल्लोस्थित एक घरमा चुलोबाट आगो सल्किन गई अचानक **आगलागी** हुँदा अन्नपात, नगद, जिन्सी गरी **२० लाख रुपैंया** बराबरको क्षति ।
- **सुनसरी**को गढि गाउँपालिका वडा नं २ औराबनिस्थित एक ग्वालीघरमा बालेको घुरबाट अचानक आगो सल्कन गई **आगलागी** हुँदा ग्वालीघर पूर्णरुपमा जलि उक्त घरमा रहेको गोरु १ वटा, गाई २ वटा, बाछ्रा २ वटा र बाछि २ वटा जलि **३ लाख ५० हजार रुपैंया** बराबरको क्षति ।
- **सुर्खेत**को बीरेन्द्रनगर नगरपालिका वडा नं ४ स्थित पंचकोशी टायर रिसोलिङ्ग सेन्टरमा बिधुत सर्ट भई अचानक **आगलागी**, क्षतिको विवरण आँउन बाँकि।

## प्रतिकार्य

- सुरक्षा निकायको टोलीबाट चटयाङ्ग लागी घाईते भएकालाई नजिकैको स्वास्थ्य उपचार केन्द्रमा पुर्याइएको, स्थानीय र दमकलको सहयोगमा आगलागी पूर्ण नियन्त्रणमा लिइएको ।

## बाढी पूर्वानुमान

असोज-२१ (बुधबार) (विहान ७ बजे देखि २४ घण्टा)


- आज कोशी, नारायणी, कर्णाली, महाकाली र यसका सहायक नदीमा बहाव घट्दो हुने तथा सतर्कता भन्दा तलै हुने पूर्वानुमान छ ।
- आज कमला, बागमती, पश्चिम राप्ती, बबई र यसका सहायक नदीमा बहाब घट्दो हुने तथा सबैमा बहाव सतर्कता भन्दा तलै हुने पूर्वानुमान छ । कन्काई र यसका केही स-साना सहायक नदी बहाब सामान्य घटबढ हुने तथा सतर्कता तलै हुने पूर्वानुमान छ ।
- आज ईलाम, झापा, मोरङ, सुनसरी, सप्तरी, पाँचथर, ताप्लेजुङ, संखुवासभा र आसपासका जिल्ला भई बहबे केही स-साना सहायक नदी जलाधारको केही स्थानमा हल्का- मध्ययम बर्षा भई नदीमा बहाब केही बढ्न सक्ने तर सबैमा सतर्कता तलै हुने पूर्वानुमान छ ।

**थप जानकारीका लागि** जल तथा मौसम विज्ञान विभाग**को वेभसाइट:http://hydrology.gov.np/**

## वर्षाको सारांश

असोज २० गते बिहान ०८:४५ बजे देखि असोज २१ गते ०८:४५ बजे सम्म

आज मिति २०७७/०६/२० गते बिहान ०८:४५ बजे १८७ वटा वर्षा मापन केन्द्रहरु (मानब संचालितः ७१ र स्वचालितः ११६) मा मापन गरिएको वर्षाको विवरण अनुसार १७ वटा केन्द्रहरुमा वर्षा भएको छ (चित्र १)। उक्त केन्द्रहरु मध्ये सबै भन्दा बढि वर्षा (४९.८ मि. मी.) झापा जिल्लाको चन्द्रगढी केन्द्रमा मापन गरिएको छ। वर्षा मापन भएका केन्द्रहरु मध्ये १ वटा केन्द्रमा २५ मि. मी. भन्दा बढि र ४ वटा केन्द्रमा १० मि. मी. भन्दा बढी वर्षा मापन भएको छ।




चित्र १: दैनिक वर्षा (छायांकित रंग) तथा केन्द्रको अवस्थिती (गोलाकार संकेत)

**वर्षा तथा जलवायु सम्बन्धि थप जानकारीको लागि <u>www.dhm.gov.np/climate/</u>मा हेर्नुहोस।**

## आगामी तीन दिनको मौसम पूर्वानुमान

असोज २१ गते (बुधबार)

**दिउँसो:** प्रदेश १, प्रदेश २, बागमती प्रदेश र गण्डकी प्रदेशमा आंशिक देखि सामान्य बदली र बाँकी प्रदेशहरुमा आंशिक बदली रहनेछ। प्रदेश १, प्रदेश २, बागमती प्रदेश र गण्डकी प्रदेशका एक दुइ स्थानहरुमा हल्का देखि मध्यम वर्षाको सम्भावना रहेको छ ।

**राती:** प्रदेश १, प्रदेश २ र बागमती प्रदेशमा आंशिक देखि सामान्य बदली र बाँकी प्रदेशहरुमा आंशिक बदली रहनेछ। प्रदेश १ का एक दुइ स्थानमा हल्का वर्षाको सम्भावना रहेको छ ।

असोज २२ गते (बिहिबार)

**दिउँसो:** प्रदेश १, प्रदेश २ र बागमती प्रदेशमा आंशिक देखि सामान्य बदली र बाँकी प्रदेशहरुमा आंशिक बदली रहनेछ। प्रदेश १, प्रदेश २ र बागमती प्रदेशका एक दुई स्थानहरुमा हल्का वर्षाको सम्भावना रहेको छ ।

**राती:** देशभर आंशिक देखि सामान्य बदली रहि प्रदेश १ का एक दुई स्थानमा हल्का वर्षाको सम्भावना रहेको छ ।

असोज २३ गते (शुक्रबार)

**दिउँसो:** प्रदेश १, प्रदेश २ र बागमती प्रदेशमा आंशिक देखि सामान्य बदली र बाँकी प्रदेशहरुमा आंशिक बदली रहनेछ। प्रदेश १ र बागमती प्रदेशका एक दुई स्थानहरुमा हल्का वर्षाको सम्भावना रहेको छ ।

**राती:** देशभर आंशिक बदली देखि मौसम सामान्यतया सफा रहनेछ।

**गणितिय मौसम पूर्वानुमानमा आधारित तीन दिनसम्मको मौसमको अवस्थाका लागि यो लिंकमा हेर्नुहोला ।**
http://mfd.gov.np/nwp/#/nwp/Precipitation, http://mfd.gov.np/nwp/#/nwp/Wind